पाथीभरा याङ्वरक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थेचम्बु, ताप्लेजुङ
२०७३

( १ नं. प्रदेश नेपाल )

# सुपरीवेक्षक तथा गणक करार सेवामा पदपुर्ती गर्ने सम्वन्धी सूचना

**प्रकाशित मिति** २०७६/०३/०४

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रशासन सहकारी तथा गरिबी निवारण माहाशाखाको पत्र संख्या,०७५/०७६ च.नं. ९२ मिति २०७६।०२।०९ गतेको सुपरीवेक्षक तथा गणक करार सेवासम्वन्धी पत्र वमोजिम ईच्छुक आवेदकहरुलाई दर्खास्त दिन सात दिने यो सूचना प्रकासित गरीएको छ । दर्खास्त फारम यस गाउँ कार्यपालिकाको कार्यालयवाट प्राप्त गर्न सकिने छ । म्याद नागी प्राप्त हुन आएका दर्खास्त उपर कुनै कार्वाही हुने छैन ।

| विज्ञापन नं. | पद | पद संङ्ख्या | कैफियत |
|---|---|---|---|
| ००१/०७५-०७६ | सुपरीवेक्षक | १ (एक) | |
| ००२/०७५-०७६ | गणक | ३ (तीन) | |

परीक्षा किसिम:- प्रयोगात्मक परीक्षा र अन्तर्वाता ।

परीक्षा केन्द्र:- पाथीभरा याङ्वरक गाउँपालिका ।

आवश्यक न्युनतम शैक्षिक योग्यता:- सुपरीवेक्षकको लागि मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्याङ्क शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित बिषय सहित कुनै बिषयमा कम्तिमा स्नातक वा सोसरह उर्त्रीण गरेको तथा गणकको लागि मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्याङ्क शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित बिषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उर्त्रीण गरेको हुनुपर्नेछ ।

दरखास्तको माध्यम : - ईच्छुक आवेदकले तपशीलमा उल्लेख भए बमोजिमको परिक्षा दस्तुर रकम जम्मा गरेको भौचर साथ तोकिएको मितिमा नेपाली नागरिकताको प्रतिलिपी, हालसालै खिचिएको पासपोर्ट साईजको फोटो, व्याक्तिगत विवरण (Bio-Data), आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु, तथा कार्यअनुभव आदिको प्रमाणपत्रको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रीतपूर्वकको आवेदन फारम भरी स्वयं उपस्थित भई अवेदन दिनुपर्नेछ ।

उम्मेदवारको उमेर हद :- दरखास्त दिने अन्तिम मितिसम्ममा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको हुनुपर्नेछ ।

उम्मेदवार छनौटका आधारहरु :- कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान प्राप्त गरेको हुनुपर्नेछ । यस गाउँपालिकाको स्थानीय वासिन्दालाई प्राथमिकता दिईने छ ।

दरखास्त दिने अन्तिम मिति :- २०७६।०३।१० गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछी कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

दरखास्त दस्तुर :- सुपरिवेक्षकको लागि रु ५००। पाच सय मात्र ।
गणकको लागि रु ३००। तिन सय मात्र ।

दरखास्त दस्तुर वुझाउने स्थान :- पाथीभरा याङ्वरक गाउँ कार्यपालिकाको कार्यालय ताप्लेजुङ ।

प्रयोगात्मक परिक्षा र अन्तर्वाता :- २०७५।०३।११

करार अवधि :- निज नियुक्ति भएको मितिले ५ (पाँच) महिना सम्म रहनेछ ।

तलव :- नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

थप जानकारीको लागि संम्पर्क नं. ९८५२६६०४६०,९८०१२२२६४९ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

२०७६।३।०४

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत